# वराहक्षेत्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# चक्रघट्टी, सुनसरी

# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता

निलम खनाल

नगर प्रमुख

आ.व. २०७८/७९ को आठौ नगरसभामा उपस्थित नगरपालिकाका उप प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, पत्रकार साथीहरु

हाम्रो जिवनकालको महामारी र चुनौतिपूर्ण परिस्थितीको सामाना गर्दै बराहक्षेत्र नगरका नागरीकहरुको रक्षा गर्दै आगामी आ.व.२०७८/०७९ को नगरसभा उद्घाटन गर्न पाउदा आफुलाई निकै भाग्यमानी ठानेको छु ।

सभासद सदस्य ज्यूहरु, सन् २०२० को आरम्भ सँगै देखा परेको कोभिड-१९ जस्तो महामारीले हाम्रो नगरको बिकाशको यात्रालाई धेरै अधुरो र नगरबासीहरुको समृद्धिको चाहानालाई गम्भिर प्रभावित बनाएको कुरा हामी सबैका बिच सर्वबिधित नै छ ।कोभिड-१९ का कारण उत्पन्न लकडाउनले धेरै नगरबासीहरुको रोजगारी गुमेको छ । संक्रमण रोकथाम नियन्त्रण र उपचारका लागि नगरले गरेको अथक प्रयासका बिच यस महामारीमा जिवन गुमाउनु हुने सम्पूर्ण नगरीकहरु प्रति बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय हाँर्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समबेदना व्यक्त गर्दछु । उपचारत सम्पूर्ण संक्रमित नागरीकहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

नेपालको स्वाधिनता,लोकतन्त्र र स्वतन्त्रताका लागि भएका आन्दोलनहरुमा अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । हाम्रा महान अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । हाम्रो समाजको बिकाश र रुपान्तरका लागि उहाँहरुले पु-याउनु भएको योगदानको पुनः स्मरण गर्न चाहान्छु । "जिवन रहे हामी रहेन जिवनै नरहे के राजनीति र बिकास" ।

हिजोको संक्रमणको दरभन्दा आज निको हुनेको दर उच्च रहदै आएको छ । संक्रमण नियन्त्रणका लागि स्थानीय सरकारले गर्ने कार्यहरुमा कुनै कमि आउने छैन तर पनि यस संक्रमणलाई थप फैलिन नदिन र यस महामारी माथी बिजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र नगरमा एकताको आवश्यकता भएकाले सम्पूर्ण महानुभावहरुलाई एक ढिक्का भएर दृढताका साथ लाग्न म सबैमा हार्दिक अनुरोध गर्दछु । यस जोखिमपूर्ण अवस्थामा

अग्रपङ्तिमा रहेर सेवा गर्नु हुने चिकित्सक, स्वास्थकर्मी, सुरक्षा कर्मी, राष्ट्रसेवक कर्मचारी, बिभिन्न राजनीतिक दल र सो राजनीतिक दलका भातृ संघठनहरु, उद्योगी,व्यपारी, शिक्षक,शिक्षीका, सरसफाईकर्मी, एम्बुलेन्स चालक, संचारकर्मी, बिभिन्न पेशा र व्यवसायमा आवद्ध महानुभावहरु प्रति नगरपालिका परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

**नगरसभा सदस्य ज्यूहरु**

आ.व. २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा अगाडी यस आ.व. २०७७/०७८ सम्म हामीले नगरका लागि गरेका केहि महत्वपूर्ण कार्यहरुको संक्षेपमा उल्लेख गर्न चाहान्छु । बिकाश तथा सु-शासनका लागी कानूनी आधार तयार गर्ने सिलसिलामा हाम्रो नयाँ नगरपालिकामा कुनै कानूनिहरु तयारी अवस्थामा नरहेको हुँदा आज यस आ.व. सम्म आईपुग्दा हामीले जम्मा १२ वटा ऐनहरु यो सम्मानित सभाबाट स्वीकृत भई कार्यान्वयनमा ल्याएका छौं। यसै गरी ५ वटा नियमावलि, ८ वटा निर्देशिका, ३५ वटा कार्यविधी, २ वटा गठन आदेश, १ वटा आचार सहिंता, १ वटा विनियम, १ वटा नीति, १ वटा मापदण्ड तथा कार्ययोजना गरी जम्मा ७० वटा कानुनी दस्तावेज तयार गरि प्रक्रियाहरुलाई बिधि सम्मत आधार दिन सफलता प्राप्त गरीएको छ र अन्य आवश्यकता अनुसार ऐन र कार्यविधीहरु निर्माणका चरणमा छन ।

कोभिड-१९ को पहिलो भेरियन्ट शुरु भए पश्चात नगरबासीहरुको जिवन रक्षाका लागि बिभिन्न स्थानमा क्वारेन्टाइनको तथा आइसोलेशनको निर्माण गरी नगरको श्रोत र साधनलाई भरपुर उपयोग गर्दै हालसम्म नगरपालिका क्रियाशिल रहेको छ । कोभिड-१९ को नियन्त्रणका लागि बिभिन्न महानुभावहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त सहयोगले नगरपालिकालाई केहि राहत भएको छ । यस्तो महामारीमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति नगरपालिका परिवार हार्दिक आभार प्रकट गर्दछ ।

कोभिड-१९ ले श्रृजना गरेको बन्दाबन्दीको कारण गरिब, असहाय तथा बिपन्न परिवार, दैनिक कमाई गरी जिविको पार्जन गर्ने व्यक्ति तथा अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहत उपलब्ध गराईएको छ ।

संक्रमित दरलाई बढ्न नदिन नगरपालिकाले नगरबासीहरुका लागि पिसी आर परिक्षण,एन्टिजेन परिक्षण को व्यवस्था मिलाईएको छ ।

कोभिड-१९ को दोश्रो भेरियन्टले संक्रमित महानुभावहरुलाई हौसला र आत्माबल बढाउनका लागि नगर प्रमुखको नेतृत्वमा जनप्रतिनिधीहरु, कर्मचारीहरु, स्वास्थकर्मीहरु, मनोबिमर्शकर्ता र सञ्चारकर्मी साथीहरुको साथमा संक्रमित व्यक्तिहरुको घर घरमा गई स्वास्थ्य अवस्था बुझ्ने कार्य भएको छ ।

नगर क्षेत्र भित्र रहेका बिभिन्न संघ संस्थाहरु सँग समन्वय गरी सो संघ संस्थाहरुसँग रहेका एम्बुलेन्सहरु र नगर-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्दै गरेको गाडीलाई एम्बुलेन्सको रुपमा सञ्चालनमा ल्याईएको छ ।

नगरबासीहरुको जिवन रक्षाका लागि सप्तकोशी बहुमुखी क्याम्पसमा अक्सीजन सहितको ५० बेडको आईसोलेशन निर्माण गरि हाल सञ्चालनमा आईरहेको छ । साथै वडा नं ३ मा रहेको नव निर्मित वडा कार्यालय भवनमा ५ बेडको अक्सिजन सहितको अस्थाई कोभिड अस्पताल तयार गरी सञ्चालनमा आएको छ ।

कोभिड बिरुद्धको खोप अभियानलाई निरन्तरता दिदै नेपाल सरकारले उपलब्ध गराएको खोप लाई प्रभावकारी ढङ्गले सञ्चालन गरि जम्मा ५०२७ डोज खोप बिभिन्न उमेर समुह अनुसार लगाउने कार्य सम्पन्न गरिएकोछ ।सङ्घिय तथा प्रदेश सरकारसँग समन्वय गरी यस आर्थिक बर्षमा पनि कोभिड खोपको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

नगरबासीहरुलाई स्वास्थ्यमा सहज पहुँच पुर्याउनका लागि नगरक्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र चतरा, स्वास्थ्य चौकीहरु र बर्थिङ्ग सेन्टरको स्तोरन्नती गर्न बिभिन्न किसिमका औजार तथा उपकरण खरिद गर्ने कार्यलाई अगाडी बढाईएको छ ।

प्रत्येक वडामा १०० घर परिवारका दरले जम्मा ११०० अति बिपन्न घर परिवारलाई स्वास्थ्य बिमाको कार्यक्रम सञ्चालनमा ल्याईएको छ ।

नगर प्रवेश गर्ने प्रमुख स्थानहरुमा हेल्थ डेस्क स्थापना गरि कोरोना संकाश्पद व्यक्तिहरुको जाँच तथा पहिचान गरि व्यवस्थापन गरिएको छ ।

वडा नं ३,८,४ र ९ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । वडा नं ६ मा रहेको महेन्द्रनगर स्वास्थ्य चौकी, वडा नं २ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं ११ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र मधुवन र मधुवन आयुर्वेधालयको भवनमा तला थप गरिएको छ साथै वडा नं ४ मा खोप केन्द्रको निर्माण कार्य वडा नं ८ मा रहेको खोप केन्द्रको स्तरोन्नती तथा नयाँ खोप केन्द्र निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ ।

बराहक्षेत्र नगर अस्पतालबाट प्रदान गरिने सेवा सुविधालाई अझ प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न २ वटा भवन निर्माण सम्पन्न भएका छन त्यसैगरि सो अस्पतालमा आवश्यक पर्ने औजार तथा उपकरणहरु खरिद गर्न सम्झौता भई यस आ.व देखि सञ्चालनको तयारीमा रहेको छ ।

बराहक्षेत्र नगर अस्पतालमा हरेक दिन निःशुल्क ओपिडी सेवा, २४ सै घण्टा ईमर्जेन्सी सेवा, फार्मेशी सेवा, ल्याब सेवा, एक्सरे सेवा- भिडियो एक्सरे सेवा, ई.सि.जी सेवा, नेबुलाईजेसन र ड्रेसिङ्ग लगायतका सेवाहरु प्रदान भईरहेको छ । साथै हप्ताको हरेक बुधबार र शुक्रबार बिहान ८:०० बजे देखि १२:०० बजे सम्म रेडियोलोजिष्ट बाट भिडियो एक्सरे सेवा, प्रत्येक शनिबार बिहान १० बजे देखि १ बजे सम्म पेट तथा कलेजो रोग बिशेषज्ञबाट चेक जाँच गर्ने व्यवस्था, प्रत्येक बुधबार र शुक्रबार स्त्री रोग बिशेषज्ञद्धारा चेक जाँच गर्ने व्यवस्था र हप्ताको एक दिन BPKHIS का बिशेषज्ञद्धारा आँखा उपचार सेवा, कान,छालाको ओ.पि.डी. सेवा लगायतका सेवाहरु सञ्चालन भईरहेका छन ।

प्राथमिक स्वास्थ्य केन्द्र चतरामा हरेक दिन (शनिबार र सार्वजनिक बिदाको दिन समेत) बिहान ८ बजे देखि बेलुकी ८ बजे सम्म निःशुल्क ओ.पि.डि सेवा, २४ सै घण्टा ईमरजेन्सी सेवा, ल्याब (रगत,दिशा, पिसाब जाँच) सेवा, फार्मेसी सेवा, एक्सरे सेवा, प्रसुती सेवा सञ्चालनमा आएको छ । हरेक दिन फिजियोथेरापी सेवा, आँखा उपचार सेवा, स्त्री तथा प्रशुति रोग बिशेषज्ञको सेवा सञ्चालनमा आएको छ । हरेक शनिबार हाडजोर्नी तथा नशा रोग बिशेषज्ञबाट, तथा बाल रोग बिशेषज्ञबाट सेवाहरु सञ्चालनमा आएका छन ।

महिलाहरुमा देखिने पाठेघर सम्बन्धी समस्या, V.I.A टेस्ट, (आङ्ग खस्ने शिविर) फिस्टुला रोग र नाक,कान,घाटीका शिविरहरु सञ्चालन गरी करिब ५५० जनाले हाल सम्म सेवा लिएका छन ।

नगर क्षेत्रमा आगलागीबाट हुने धनजनको क्षतिलाई न्युनिकरण गर्न नगरपालिकाले १(एक) वटा दमकल खरिद गरी सञ्चालनमा ल्याएको छ । साथै इलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरुलाई अग्नी नियन्त्रक बल(फाएरबल), बिपद् व्यवस्थापनका लागि खोज तथा उद्दार सामग्रीहरु उपलब्ध गराईएको छ ।

नगर क्षेत्रमा आइपर्ने प्राकृतिक बिपद् बाढी, पहिरो जस्ता बिपत्तिको समयमा जनतालाई राहत स्वरुप आवसको व्यवस्थापन गर्न वडा नं ९ मा नगर बिपद सुरक्षित आवास गृह तथा वडा नं १० प्रकाशपुरमा रेडक्रस सोसाईटीको समन्वयमा १ आवास गृहको निर्माण कार्य सम्पन्न भएको छ ।

हामीले  हाम्रो कार्यभार सम्हाले पश्चात नगर क्षेत्र भित्र घटेका बिभिन्न बिपद्जन्य घट्नाका पीडितहरुलाई आ.व. ०७४/०७५ मा जम्मा १२ घरधुरीलाई बिपद् राहत स्वरुप ३७ हजार, आ.व.०७५/०७६ मा जम्मा ७९ घरधुरीलाई २ लाख २७ हजार ५ सय, ०७६/०७७ मा जम्मा ९६ घरधुरीलाई २ लाख ३० हजार २ सय र ०७७/०७८ मा जम्मा ४३ घरधुरीलाई १ लाख २५ हजार ५ सय राहत उपलब्ध गराईएको छ ।

किसानले उत्पादन गरेको कृषि जन्य पदार्थहरुलाई व्यवस्थित गर्न नगरले प्रदेशको साझेदारीमा वडा नं ६ मा ७० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माण सम्पन्न गरि सञ्चालनमा आएको छ । त्यसैगरि वडा नं ९ स्थित सुन्दर कृषि फर्म र प्रदेश सरकारको साझेदारीमा ४० मेट्रिक टन क्षमताको मिनि कोल्ड स्टोर निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । त्यसैगरी वडा नं १० मा रहेको अभियान मुखि बहुउद्देश्यिय कृषि फर्म र प्रदेशको साझेदारीमा गोदाम घरको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

कोभिड-१९ का कारण रासायनिक मलको अभाव हुन नदिन साल्ट ट्रेडिङ्ग सँगको समन्वयमा नगरले आवश्यक रासायनिक मलको व्यवस्थापन गर्नका लागि १८ वटा कृषि सहकारीहरुलाई डिलरसिपका लागी व्यवस्था गरिएको छ ।

वराहक्षेत्र नगरपालिकामा रहेका नयाँ इच्छुक माछापालक कृषकहरुलाई बिगतका आ.व.हरुमा प्रति कठ्ठा १० हजार अनुदान दिई ६० लाख बराबरको २० हेक्टर जमिनमा जलाशय पोखरी निर्माण भएका छन। माछा पालना गरिरहेका किसानहरुलाई ८ हेक्टर जमिनको पोखरीलाई

मर्मत गरिएको छ । जसमा ५० प्रतिशत मुल्य अनुदानमा ३ लाख २० हजार वटा माछाको भुरा बितरण गरिएको छ । वडा नं ११ मा रहेका माछापालन समूहरुलाई प्रोत्साहन गर्न सो क्षेत्रलाई माछा जोन घोषणा गरिएको छ ।

ज.डे.ज मा.वि वडा नं ५ र माछा जोन कार्यान्वयन इकाई सुनसरीको साझेदारीमा हाई-टेक निर्माण कार्य सम्पन्न भएको छ ।त्यसैगरी वराहक्षेत्र वडा नं १ सूर्यकुण्डमा रहेको समिरा एग्रो टेक प्रा.लि र प्रदेश सरकारको सहयोगमा हाई-टेक निर्माण गरी स्ट्रोबेरी खेती सञ्चालनमा आएको छ ।

बालीमा लाग्ने किरा तथा रोग नियन्त्रणका लागि ५० प्रतिशत अनुदानमा ६ सय ६० थान स्प्रेयर ट्याङ्की बितरण गरिएको छ ।

कृषि तथा कृषि जन्य उद्यम व्यवसायलाई रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गर्नका लागि बिभिन्न स्थानमा रकम विनियोजन भई व्यवसायिक कृषकलाई पकेट क्षेत्रको निर्माण गरिएको छ । बिगत आर्थिक बर्षहरुमा प्रति केजी १०० रुपैया मुल्य अनुदानमा २१ हजार ७ सय ६० केजी मकैको बिउँ, ५० प्रतिशत अनुदानमा २५ हजार ५० प्याकेट च्याउको बिउँ, २८ हजार ५ सय प्याकेट तरकारीको सिड, ५० प्रतिशत मुल्य अनुदानमा १७ हजार फलफुल बिरुवा (आँप,लिच्ची,कागती तथा ड्रागनफ्रटको बिरुवा) बितरण गरिएको छ ।

यस क्षेत्रमा रहेका सुख्खा तथा सिँचाई नपुगेका जग्गाहरुमा बैकल्पिक सिँचाइका लागि १० वटा साना सिँचाई कार्यक्रम सञ्चालन भई करिब २० बिघा क्षेत्रफलमा सिँचाईको प्रबन्ध मिलाईएको छ । साथै ६३ थान स्याल्लो ट्युबवेल जडानको सम्झौता भई जडान कार्य भएको छ ।

८६ थान बिद्युतिय पानी तान्ने मोटर को खरिद प्रक्रियालाई अगाडी बढाइएको छ

जलवायु अनुकुलित गाउँ कार्यक्रम सञ्चालन लाई वडा नं १ मा ७८ थान प्लाष्टिक टनेल, ४० थान जैविक बिषादी बनाउने भाँडो, ४० सेट थोपा सिँचाई, ४० थान प्लाष्टिक पोखरी, ४० वटा गोठ सुधार कार्यक्रम सञ्चालन भएको छ ।

यस क्षेत्रको भौगोलिक बनावट लाई मध्य नजर गर्दै नगर भित्रको २० स्थानमा माटो परिक्षण गरिएको छ ।

नगरपालिकाले कृषिलाई आधुनिकरण, यान्त्रीकरण तथा उत्पादनमा बृद्धि गर्नका लागि ५० प्रतिशत अनुदानमा ८० थान मकै छोडाउने मेशिन, ३ थान धान काट्ने रिपर र १ थान मिनि कम्बाईन हार्भेष्टर बितरणको तयारी रहेको छ ।

कृषि बजारको व्यवस्थापनका लागि वडा नं ७ बाङ्गे बजारमा ८ कोठे सटर निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । त्यसैगरी वडा नं ३ बाङ्गे बजारमा १० कोठे कृषि टहराको निर्माण कार्य सम्पन्न हुन लागेको छ ।

प्रत्येक वडामा माटो परिक्षणको कार्यलाई सञ्चालन गर्दै माटो अनुसारको बाली सिफारिस गरि किसानलाई परिचय पत्र बितरण गर्ने कार्यको थालनी गरिदैछ ।

बाली रोग तथा माटोहरुको बिश्लेषण गर्नका लागि नगरपालिकाले कृषि ल्याब भवनलाई पूर्ण सञ्चालनमा ल्याउन ल्यावका लागि आवश्यक सामाग्रीहरुको खरिद प्रक्रियालाई अगाडी बढाइ यसै आ.व.मा सम्पन्न गरिनेछ ।

भौतिक पूर्वाधार विकासको क्षेत्रमा समानुपातिक र सन्तुलित ढङ्गबाट विकासको प्रक्रियालाई अगाडि बढाउन स्थानीय निर्वाचन क्षेत्र केन्द्रित सडकहरुको निर्माण कार्यलाई अगाडि वढाइएको छ । स्थानीय सरकारको निर्वाचन भै पदबहाली भए पश्चात हाल सम्म १० किलोमिटर ६ सय मिटर कालो पत्रे निर्माण कार्य सम्पन्न भई २.५ किलोमिटर निर्माणाधिन अवस्थामा रहेको छ । १३ किलोमिटर ७ सय मिटर ड्रेन निर्माण, ४४ वटा कल्भर्ट निर्माण, ३ वटा ट्रस ब्रिज निर्माण, ३१ वटा बिभिन्न किसिमका भवनहरुको निर्माण सम्पन्न भएका छन। यस नगरमा रहेका बिभिन्न खोलाहरुको कटान नियन्त्रणका लागि जम्मा १३ सय मिटर क्रेटिङ्ग निर्माण,१४.२ किलोमिटर नयाँ ट्र्याक ओपन,१० ओटा शौचालय निर्माण तथा ४९ वटा बिभिन्न मन्दिर/बिद्यालय/सङ्ग सँस्था भवन मर्मत तथा निर्माण कार्य सम्पन्न भएका छन ।

स्थानीय सरकारको गौरवको आयोजनाको रुपमा रहेको लिङ्क रोड,चक्रघट्टी-वराहक्षेत्र मन्दिर सम्मको सडक तथा नगरबाट राष्ट्रिय राजमार्ग जोड्ने सडकहरुको डि.पि.आर. भई क्रमागत रुपमा निर्माण कार्य अगाडी बढीरहेको छ ।

सेवाग्राहीको चाँप लाई मध्यनजर गर्दै नगरपालिकाले थप १ वटा नगर प्रशासनीक भवनको निर्माण कार्य सम्पन्न गरेको छ ।

साविकका गाउँ विकास समितिहरुमा हरित पार्क निर्माणको अवधारणालाई आत्मासाथ गर्दै प्रदेश सरकारको सहयोगमा वडा नं ६ मा रहेको महेन्द्रनगर सेक्टर बनको जग्गामा घेराबेराको लागी पर्खाल लगाउने कार्य सम्पन्न भएको छ । आगामी बर्ष पनि प्रदेश सरकारको सहयोगमा थप भौतिक संरचनाहरुको निर्माण कार्य गरिनेछ ।

"गाउँ गाउँमा सिँहदरबार" भन्ने मुल नारालाई आत्मासाथ गर्दै वडा नं ६ बाहेक हालसम्म १० वटा नयाँ वडाको बेग्लै प्रशासनीक भवन निर्माण कार्य सम्पन्न भएको छ । यस आ.व. वडा नं ६ को प्रशासनीक भवनको निर्माण कार्यको शुरुवात गरिनेछ । वडा नं १० को वडा कार्यालयको क्षमता बढाउनका लागी वडा कार्यालयको भवन माथी १ तला थप गरिएको छ ।

सङ्घीय सरकारको सहयोगमा वडा नं २ मा यूवाहरुका लागि जिम हलको निर्माण कार्य सम्पन्न भएको छ । वडा नं ३ जिम हलको निर्माण कार्यको शुरुवात भएको छ । त्यसैगरी वडा नं ९ र वडा नं ५ मा कबर्डहल निर्माण कार्य सम्पन्न भएको छ ।

वराहक्षेत्र वडा नं ८ तेह्रथुमे टोलमा औद्योगिक ग्राम निर्माण गर्न ठेक्का सम्झौता भएर काम अगाडी बढिरहेको अवस्थामा बन ऐनको कारणले हाललाई सो कार्य रोकिएको छ । यस आ.व.मा औद्योगिक ग्राम निर्माण कार्य सम्पन्न गर्नका लागि सरोकारवाला निकायहरु सँग समन्वय गरी कार्य अगाडी बढाइनेछ ।

नगर र वडामा रहेका परम्परागत प्रशासनीक कार्यहरुलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिएको छ । हरेक वडामा अनलाईन प्रविधिबाट सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घट्ना दर्ता तथा राजश्व उठाउने प्रणालीको शुरुवात गरिएको छ ।

नागरिकहरु प्रति उत्तरदायि स्थानीय सरकारको भुमिका साथै नगर क्षेत्रको सूचना सेवा प्रवाहमा प्रभावकारिता,पारदर्शिता र जवाफबदेयहिता बृद्धि गर्नका लागि बिगत ४ बर्षमा २ पटक सार्वजनिक सुनुवाई (कोभिड कारण पछिल्लो २ बर्ष गर्न नसकेको) गरिएको छ । त्यसैगरी प्रत्येक वडामा डिजीटल नागरिक वडापत्र राख्नका लागि सम्झौता भई कार्य अगाडी बढेको छ ।

नेपाल सरकारको पेपरलेस नीति अनुरुप नगरका हरेक बिषयगत शाखा तथा वडाहरुमा आवश्यकता अनुसार कम्प्युटर प्रणालीबाट कार्यहरु शुरुवात गरिएको छ । साथै कर्मचारीहरुको दैनिक हाजिरीलाई व्यवस्थापन गर्न ई-हाजिरीको व्यवस्थापन गरिएको छ (हाल कोभिडका कारण

यो सेवा बन्द गरिएको छ) । यसै गरी प्रत्येक वडाहरुमा तथा चक्रघट्टी बजार, कालाबञ्जर बजार र प्रकाश पुर बजारमा सिसी क्यामेरा जडान कार्य सम्पन्न भएको छ ।

नगर प्रहरीहरुलाई दमकल सञ्चालनका लागि जनशक्तिका रुपमा प्रयोग गरिदैछ ।

भूमि सम्बन्धी सम्पूर्ण समस्यालाई नगरले उच्च प्राथमिकतामा राखेको छ । जस अनुसार नेपाल सरकार भूमि आयोगले प्रकाशित गरेको सूचना बमोजिम यस नगर क्षेत्र भित्र रहेका भूमिहिन दलित ८ सय ६८, भुमिहीन सुकुम्बासी २हजार ८ सय ८१ र अव्यवस्थित बसोबासी ६ हजार ७ सय ७३ गरि जम्मा १० हजार ५ सय २२ जनाको लगत संकलन कार्य सम्पन्न गरि वडा नं २, ९ र १० को सम्पूर्ण डाटालाई नेपाल सरकारले उपलब्ध गराएको सफ्टवेयरमा प्रविष्ट गर्ने कार्य सम्पन्न भई अन्य वडाहरुको पनि सफ्टवेयरमा प्रविष्ट भईरहेको छ ।

नगरका बिपन्न तथा पिछडिएका जनताका लागि कार्यान्वयन भएको जनता आवास कार्यक्रम अन्तर्गत वराहक्षेत्र वडा नं ४ मा ७७ वटा घर निर्माण भई २९ वटा घर हस्तान्तरण हुन बाँकी रहेको छ । फुसको छानालाई बिस्थापित गर्न प्रत्येक वडामा रहेका ५५१ लाभग्राहीहरु को निवेदन स्वीकृत गरी हाल सम्म ३३९ जना परिवारहरु सँग सम्झौता भई २३३ जना परिवारहरुको पहिलो किस्ता बापतको रकम बैङ्क मार्फत भुक्तानी गरिसकिएको छ ।

लैङ्गिक हिँसामा प्रभावित महिला तथा बालबालिकाका लागि सुरक्षित आवास गृह (सेफ हाउस) को सञ्चालनमा आएको छ ।

वडा नं ९ नगर बिपद सुरक्षित आवास गृह निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

विकास निर्माण र सामाजिक सेवाका क्षेत्रमा बिशेषज्ञ जनशक्तिको अभाव रहदै आएको छ । सोही अनुसार वराहक्षेत्र वडा नं ५ को ज.डे.जा. माविमा कृषि सम्बन्धी तथा वडा नं २ आदर्श मा.विमा इलेक्ट्रिकल बिषय सम्बन्धी प्राविधिक शिक्षा पठन पाठनको शुरुवात भएको छ ।

यस क्षेत्रमा उच्च शिक्षा प्राप्त गर्नका लागि देखिएका समस्याहरुलाई न्युनिकरण गर्न सप्तकोशी बहुमुखी क्याम्पस तथा आदर्श क्याम्पसका भवनहरुको निर्माण कार्यलाई क्रमागत रुपमा अगाडी बढाइएको छ । सामुदायिक बिद्यालयहरुको स्तोरन्नती गर्नका लागि बिद्यालयहरुको भवन निर्माण र मर्मत सम्भार,रङ्ग रोगन, बृक्षारोपण, ई-एजुकेशन सञ्चालन तथा सिमान्तकृत समुदायका

छात्राहरुलाई छात्रबृत्ति प्रदान गरि शिक्षामा मूल प्रवाहीकरण गर्ने कार्य अभियानका साथ कार्यान्वयन गरिएको छ ।

वराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय चक्रघट्टी, सुनसरी १ नं. प्रदेश नेपाल

बिद्यालयहरुमा शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान कार्यक्रम अन्तर्गत आधारभुत तहमा सञ्चालित बिद्यालयहरुमा १८ थान डेस्कटप कम्प्युटर तथा प्रिन्टर प्रदान गरिएको छ ।

प्राविधिक शिक्षामा बिद्यार्थीको पँहुच बिस्तारका लागि आदर्श मा.वि.वडा नं २ र ज.डे.जा. मा.वि. वडा नं ५ मा नगरको अक्षयकोषको स्थापना गरि प्राविधिक छात्र छात्राहरुका लागि छात्रबृत्ति प्रदान गर्न रकम निकासा गरिएको छ ।

नमुना मन्टेश्वरी कक्षा व्यवस्थापन, बालबिकासलाई सिकाइ मैत्री र बालमैत्री बिद्यालय निर्माणका लागि १० वटा बिद्यालयहरुमा कम्तिमा १-१ वटा SMART TV तथा अन्य सिकाई सामाग्रीहरुको व्यवस्थापनका लागि बिद्यालयहरुलाई अनुदान प्रदान गरिएको छ ।

अति बिपन्न समुदायका बिद्यार्थीहरुका लागि प्राविधिक शिक्षामा सहयोग पुर्याउने हेतुले प्राविधिक शिक्षा अध्ययनरत अति बिपन्न बिद्यार्थीहरुका लागि छात्रबृत्ति प्रदान गरिएको छ ।

महिलाहरुको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत महिला शिक्षा, कानुनी शिक्षा, महिला हिंसा, बिरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरि वडा नं १ मा अनाथ महिला सेवा आश्रम भवन निर्माण सम्पन्न भएको छ ।

बिभिन्न रोजगरमुलक कार्यक्रम अन्तर्गत नगर क्षेत्र भित्र ड्राइभिङ्ग तालिम, बिद्युतिय वाईरिङ्ग, प्लम्बिङ्ग, सिलाई कटाई, महिलाहरुका लागि प्रयोग हुने जुत्ता चप्पल तालिम, क्रिस्टलको गहना बनाउने तालिम लगायतका संचालन गरि रोजगार श्रृजना गरिएको छ ।

अपङ्गता रोकथाम तथा पुर्नःस्थापना कार्यक्रम अन्तर्गत प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, करुणा फाउण्डेशन र वराहक्षेत्र नगरपालिकाको सहकार्यमा सुस्त श्रवण भएका १८ जना व्यक्तिहरुलाई श्रवण यन्त्र, १२ थान ट्राईसाइकल तथा ८५ थान बिभिन्न सहायक सामाग्रीहरु (व्हीलचेयर, कमोड चेयर,ह्वाइट केन बैशाखी छडी) बितरण गरिएको छ ।

वराहक्षेत्र नगरपालिका अन्तर्गत रहेका ८५ बिद्यालयहरुमा १० बर्ष मुनिका १७ हजार ५ सय ६४ जना बालबालिकाहरु मध्ये १ सय ६० जनालाई चस्मा प्रदान, ४२ जनालाई आँखाको

औषधी बितरण तथा बिराटनगर आँखा अस्पतालको सहकार्यमा ४ जना लाई आँखाको अपरेसन गर्नका लागी सहयोग गरिएको छ ।

वराहक्षेत्र नगरपालिक वडा नं ६ र वडा नं ९ सप्तकोशी पारीको गाउँ (श्रीलङ्का टप्पु) मा बिद्युतीय ट्रान्सफर्मरको जडान गरी उक्त क्षेत्रमा बिद्युत पुर्याउने कार्य भएको छ ।

क्षयरोग तथा कुष्ठरोग नियन्त्रणका लागि उच्च जोखिममा रहेका समुदायहरुको पहिचान गरि आवश्यक औषधी तथा उपचारको व्यवस्था मिलाईएको छ ।

बालबालिकामा सामजिक सञ्जालको प्रयोगका कारण देखिएको मनोबृत्ति परिवर्तन गर्न बालबालिकालाई बाल मनोबिज्ञान, मनोविमर्श सम्बन्धी तालिमहरु सञ्चालन गरिएको छ ।

मेयरसँग बालबालिका कार्यक्रम सञ्चालन गरि बालबालिकाहरुलाई नगर प्रमुखसँग प्रत्यक्ष बार्ता गर्ने बाताबरण तयार गरि टेलिभिजन मार्फत प्रशासरण गरिएको छ ।

लकडाउनको कारण बालबालिकाहरुमा देखिएको लागु औषधको प्रयोगलाई न्युनिकरण गर्न जिल्ला प्रहरी कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय चक्रघट्टी ,वराहक्षेत्र नगरपालिका र ओरेक नेपालको समन्वय र सहकार्यमा मावि तहमा लागु औषध बिरुद्धको बाल क्लब गठन गरि सचेतनाको कार्यक्रम सञ्चालन गरिएको छ ।

आदीबासी जनजातीहरुका लागि साँस्कृतिक बाद्य बादन सहयोग गरि वडा नं ९ मा आदिबासी जनजाती भवनको निर्माण कार्य सम्पन्न भएको छ ।

दलित,आदिबासी तथा जनजातीहरुका सँघ सँस्थाको कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचरहरु प्रदान गरिएको छ ।

अनलाईन प्रणालीबाट सहकारी संस्थाहरुले गरेको कारोबार मासिक रुपमा हेर्ने व्यवस्था गरिएको छ । सहकारी सँस्थालाई सहकारी व्यवस्थापन,लेखापाल र व्यवसायिक योजना तर्जुमा तालिम उपलब्ध गराइ सशक्तिकरण गरिएको छ ।

वराहक्षेत्र नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने सहकारी सँस्थाहरुको सुशासन कायम गरि प्रशासनीक तथा आर्थिक क्षमता सुधार गर्न वेब बेसमा आधारित सहकारी व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम दिई लागु गरिएको छ ।

उपभोक्ता हक संरक्षणको मौलिक हकको कार्यान्वयनको लागि सहकारी संस्था मार्फत सुपथ मुल्यको सहकारी पसल सञ्चालन गर्न अनुदान प्रदान गरिएको छ ।

बजार हुने कालो बजारी, कृतिम अभाव श्रृजना गर्ने, बढी मुल्यमा सामान बेच्नेहरुको निरन्तर अनुगमन मार्फत प्रवर्द्धानत्म र दण्डात्मक गर्ने गरिएको छ ।

ग्रामिण पर्यटन प्रवर्द्धनका लागि वराहक्षेत्र वडा नं १ मा होम स्टे सञ्चालनमा अनुदान प्रदान गरि प्रोत्साहन गरिएको छ ।

कृषि सामग्रीहरुको खरिदमा अनुदान दिई कृषि पेशामा आधुनिकरण र व्यवसायिकरण गर्न सहयोग गरिएको छ । साथै दुग्ध सामाग्रीहरुको प्रशोधन तथा उत्पादन गर्न सामाग्रीमा अनुदान, वडा नं ११ मा रहेको मधुवन शुक्रबारे दुग्ध सहकारी भवनको तला थप गर्ने कार्य सम्पन्न भएको छ ।

पर्यटन बिकास र प्रबर्द्धनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिएको छ । अमाहा सिमसार, टेकाने पोखरी, गहने सिमसार लगायतको पुनर्निर्माण र प्रवर्द्धनमा लगानी गरिएको छ ।

नगरको आन्तरिक आयलाई बृद्धि गर्नका लागि वडा नं ११ मधुवन बजारमा आय आर्जन भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ ।

घुम्ती शिविर सञ्चालन गरि नगरका सबै पसल, व्यवसायलाई निश्चित शुल्क र करको परिधिमा ल्याई "करको दरभन्दा पनि दायरा" मा बृद्धि गरि आन्तरिक आय बृद्धि गर्ने प्रयास गरिएको छ ।

आ.व.०७७/०७८ मा यस नगरपालिकामा जम्मा २६६ जना सूचिकृत बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत औषत ८० दिनको रोजगारी नगरपालिकाले प्रदान गरिएको छ । जस अन्तर्गत नगर क्षेत्रमा रहेका ४२.९७ किमी सिँचाई पैनी सरसफाई तथा मर्मत, ५.०४ किमी पक्की ड्रेनको सरसफाई, ११.३१ किमी नाला सफाई, ५ सय मिटर नयाँ नाला खन्ने र २.१८ किमी नयाँ बाटो खन्ने कार्य सम्पन्न भएको छ ।

आ.व. ०७५/०७६ मा आन्तरिक आय ३ करोड ७७ लाख १५ हजार अनुमान गरिएकोमा आन्तरिक आय ६ करोड ९९ लाख ७५ हजार ६ सय ७७ रुपैया ४४ पैसा यथार्थ आम्दानी गरिएको छ ।आ.व. ०७६/०७७ को यथार्थ आन्तरिक आय ८ करोड ४८ लाख ९४ हजार

६७ रहेको छ र आ.व. ०७७/०७८ को जेठ सम्मको आन्तरिक आय ६ करोड ९१ लाख ५७ हजार २ सय ५५ रुपैया भएकोमा प्रदेश सरकारलाई ढुङ्गा, गिट्टीको ४० प्रतिशतको रु १ करोड २६ लाख ३६ हजार फिर्ता गरि कुल यथार्थ आम्दानी रु ५ करोड ६५ लाख २१ हजार २ सय ५५ रहेको छ ।

नगर सरकारले नगरवासीसँग गरेको प्रतिबद्धता अनुरुप "समृद्ध नगर सुखी नगरवासी" को आकाङ्क्षा पूरा गर्न दृढ अठोटका साथ अघि बढिरहेको छ । नगर सरकारले सिङ्गो कार्याकालका लागि प्रस्तुत गरेका लक्ष्य र प्रतिबद्धताहरु अघिल्ला आर्थिक बर्षका नीति तथा कार्यक्रम मार्फत क्रमशः कार्यान्वयन हुदै आएका छन । नगर सरकारको दृष्टिकोण स्पष्ट छ, गन्तब्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन्, नीति र कार्यक्रम जनमुखी र कार्यान्वयन परिणामुखी छ ।

**नगर सभा सदस्य ज्यूहरु**

अव म आगामी बर्षको बार्षिक नीति तथा कार्यक्रमको मुल भागमा प्रवेश गर्न चाहान्छु । सुनसरी जिल्लाको उत्तर पश्चिममा अवस्थित वराहक्षेत्र नगरपालिका एक मिश्रित बिशेषता भएको ऐतिहासिक, धार्मिक नगरपालिका हो । यस न.पाले सर्वाङ्गीड बिकाश गरी योग्य तथा सक्षम प्रतिष्पर्धी उत्पादनमूलक जनशक्ति तयार गर्ने लक्ष्य लिएको छ । नगरक्षेत्रको आर्थिक, सामाजिक, साँस्कृतिक एबं दिगो बिकाशका लागी दिगो शान्ति, सुशासन र समृद्धिका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । **"समृद्ध नगर सुखी नगरबासी"** हाम्रो स्पष्ट अठोट रहेको छ ।

## कृषि/पशु क्षेत्र तर्फ

कृषि पेशामा आवद्ध जनसंख्याको बाहुल्यता रहेको यस नगरको आर्थिक,सामाजिक बिकाशको मुख्य आधारमा यान्त्रीकरण मार्फत कृषि क्षेत्रको बिकाश नै हो । कृषि पेशा लाई निर्वाहमुखीबाट व्यवसायी मुखी बनाउन अहिलेको प्रमुख चुनौति हो । त्यसैले नगरले व्यवसायी कृषिका लागि आधुनिक यान्त्रिकरण,बजारीकरण,शित भण्डार र उत्पादनमा बृद्धि गरी विविधीकरणका लागी प्राथमिकता निर्धारण गरीएको छ । कृषिमा यान्त्रीकरणको प्रयोगलाई उपयोग गराउन साना तथा मझौला कृषि उपकरणहरु ५० प्रतिशत अनुदानमा प्रदान गरिनेछ । नगर क्षेत्रभित्र दर्ता भएका कृषि समुह, सहकारी तथा कृषि / पशु फर्मलाई प्रोत्साहन गर्न साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । आगामी १० बर्षमा कृषि उत्पादकत्वलाई दोब्बर बनाउने योजना सहित दिर्घकालीन

कृषि विकास नीति लागु गरिनेछ । कृषिको आधुनिकरणका लागि कृषक समुदाय सुँहाउदो प्रविधी युक्त बनाउन साना खाले कृषि उपकरणहरुको प्रयोग गरिनेछ । उन्नत बिउ बिजन नव प्रवर्तित खेती प्रणाली बैकल्पिक बालीको पहिचान गरी आवश्यक पहल गरिनेछ । पशुमा नश्ल सुधारका कार्यक्रमका लागि उन्नत जातका बिउहरुको बितरण गर्ने कार्य लाई निरन्तरता दिईने छ । साविकका गाउँ बिकाश समितीहरुमा १/१ वटा शित भण्डार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

कृषि योग्य सिँचाई नपुगेका जमिनहरुमा बैकल्पिक सिँचाईको व्यवस्थापन गरिनेछ । घुम्ती प्रयोगशाला मार्फत स्थलगत माटो परिक्षण गरि गुणस्तर परिक्षणको पत्र सहितको व्यवस्था गरिनेछ । बैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई कृषि तथा पशु क्षेत्रमा प्रोत्साहन गर्न कृषिमा सहुलियत ऋणका लागि यस नगरक्षेत्र भित्र रहेका बैङ्क तथा बित्तिय सँस्थाहरु सँग समन्वय गरी आवश्यक नीति तथा कार्यबिधीको निर्माण गरिनेछ ।

रोग तथा किरा नियन्त्रणका लागि नव तथा दिर्घकालिन बाताबरण र स्वास्थ्यमैत्री प्राविधीक कर्मचारीको बृद्धि गरी आवश्यक समन्वयमा प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

कृषि तथा पशुपालनको पेशालाई आय आर्जनसँग जोड्दै मर्यादित र आकर्षित बनाउनको लागि साना किसान समपुरक कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदान कार्यक्रमलाई अगाडी बढाइनेछ । कृषि पेशालाई नयाँ प्रविधी आयामहरुको प्रयोग र प्रोत्साहनका लागि अन्तरक्रिया,स्थलगत अवलोकन भ्रमण, कृषि मेला तथा प्रदर्शन र नमुना खेति नश्लसुधार पशुको प्रोत्साहन गरिने छ । नगरमा ए.आई, मिसन अन्तर्गत सञ्चालित कृत्रिम गर्भाधान केन्द्रको स्थापना गर्ने कार्यलाई स्थानीय जातका गाई/भैसीको बाहुल्यता रहेको क्षेत्रमा केन्द्रित र बिस्तार गरी पशु उत्पादनमा बृद्धिको माध्यमबाट आय आर्जनमा बृद्धि गरिनेछ ।

भु-उपयोग नीति निर्माण गरि भुमिको बर्गिकरण गरी माटो सुहाउदो हावा पानी सुहाउदो बालीको व्यवस्था गरिनेछ । बनक्षेत्र, बाँझो बगर आदीलाई कृषि उपयोग क्षेत्र घोषणा गरी अगाडी बढाईनेछ ।

जडीबुटी,घाँस, तरकारी,फलफुल तथा बाताबरणिय लाभ हुने कृषि कार्यलाई प्रोत्साहन गरिनेछ ।

यसै आर्थिक बर्ष देखि कृषक परिचय पत्र कार्ड बितरण गरि वास्तविक किसान कार्यक्रम संचालन गरिनेछ ।

बिपन्न परिवार का लागि एक बिपन्न परिवार एक करेसाबारी कार्यक्रम लाई प्राथमिकता दिईने छ ।

सबै साना किसानलाई सिँचाई सुविधाको लागि मोरङ्ग-सुनसरी सिँचाई योजना,साना सिँचाई कार्यक्रम र बोरिङ्ग मार्फत सिँचाई सुविधा पुर्याईनेछ ।

सूर्यकुण्ड,चावाचा,चियाबारी,बाग्दलबारी,लाई लिफ्ट सिष्टम द्धारा सिँचाई सुविधा पुराउनका लागि यसै बर्ष सर्भेको कार्य आरम्भ गरिनेछ ।

नगरमा उपलब्ध सम्भावता लाई अध्ययन गरी उपयुक्त सिप र प्राविधीको बिकाश र बिस्तार गरी पशु उत्पादन र उत्पादकत्वमा बृद्धि गरी दुध,दुग्धजन्य पदार्थ,अण्डा,माछा,मासुको क्षेत्रमा आत्मानिर्भर बनाईनेछ । साथै पशुपन्छी तथा बाली बिमा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट लागु गरिनेछ ।

समयमा नै मल बिउ र कृषि प्रचार सेवा उपलब्ध गराएर नगरका कृषक दाजुभाईहरुका लागि ५० प्रतिशत अनुदानमा मल बिउको बितरण गर्न पहल गरिनेछ ।

कृषि तथा पशुपालनको पेशालाई आय आर्जनसँग जोड्दै मर्यादित र आकर्षित बनाउनको लागि बैदेशिक रोजगार बाट फर्केका हरुका लागि सहुलियत दरमा ऋण प्रवाह गर्ने हेतुले यस क्षेत्रमा रहेका बैङ्क तथा बित्तिय सँस्थाहरुसँगको सहकार्यमा आवश्यक ऋण प्रवाहको व्यवस्था गर्नका लागि कोषस्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## स्वास्थ्य क्षेत्र

**"गुणस्तरिय स्वास्थ्य नागरिकको अधिकार"** भन्ने मुल नारालाई आत्मासाथ गरी स्वास्थ्य सेवामा सबैको पहुँच पुर्याउनको लागि आगामी आ.व. मा समेत बिपन्न परिबारको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

महामारी रोग नियन्त्रणका लागि नगर अस्पतालमा ५ बेड को अक्सिकजन सहितको कक्ष सञ्चालनका लागि प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

नेपाल सरकारबाट उपलब्ध निःशुल्क औषधी हरुलाई अझ बिश्वासिलो बनाई स्वास्थ्य बिमा कार्यक्रमलाई सबै नगरको घरमा पुर्याई निःशुल्क स्वास्थ्य कार्यक्रम लागु गरिनेछ ।

**"म जिउँछु निरोगी जिवन"** भन्ने अभियानको शुरुवात गरि महिनामा एक पटक स्वास्थ्य जाँच गर्न हरेक नगरबासीहरुलाई अभिप्रेरित गरिनेछ ।

नगर अस्पताल, नगर भित्र संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा आधुनिक उपकरणको व्यवस्था मिलाईनेछ ।

आगामी बर्षबाट सञ्चालनमा आउने कोभिड अस्पतालमा आवश्यक भौतिक पुर्वाधारको बिकाश गरिनेछ ।

हाम्रो खानपान देखि पोषणयुक्त खानाका लागि जनचेतना कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

नेपाल सरकारले उपलब्ध गराएको कोभिड खोपलाई प्रभावकारी ढङ्गले प्रयोगमा ल्याई थप कोभिड खोप खरिदका लागि रु १ करोड आवश्यक बजेटको व्यवस्था गरि नगरबासीहरुलाई भय त्रासमुक्त नगरपालिका घोषणा गरिनेछ ।

पूर्ण अपाङ्गगता भएका व्यक्तिहरुको घरमा गई महिनामा २ पटक स्वास्थ्य जाँच गर्ने प्रबन्ध मिलाईने र करुणा फाउण्डेशनसँगको साझेदारी कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

महिला,बालबालिका मैत्री नगरपालिका घोषणा गरि सबै प्रकारका भेदभावको अन्त्य गरिनेछ ।

मानव ओसारपसार, महिला हिंसा छुवाछुत जस्ता जघन्य मानव बिरोधी कार्यको अन्त्यको लागि बिभिन्न सँघ सँस्थाहरु सँग साझेदारी गरि निर्मुलिकरण तर्फ नगरलाई अगाडी बढाईनेछ ।

नगरले **"छोरी पाउँदा,छोरी बचाउँ"** अभियानलाई शुरुवात गर्दै नगर क्षेत्रमा पहिलो सन्तानका रुपमा छोरीको जन्म दिने आमालाई प्रोत्साहन भत्ता दिनका लागि आवश्यक बजेटको बिनियोजन गरेको छु।

## <u>शिक्षा तर्फ</u>

शैक्षिक सँस्थाहरुको भौतिक पूर्वाधार प्रविधिगत पहुँच र क्षमता अभिबृद्धिलाई प्रोत्साहन गर्दै कक्षा १ देखि कक्षा ५ सम्मका बिद्यार्थीहरुका लागि **"हाम्रा नानी बिद्यालय जाने बानी"** को नारा सहित

सामुदायिक बिद्यालयहरुमा आवश्यक कार्यक्रमको तयारी गरिनेछ । शिक्षालाई प्राविधीक, सिपमुलक, व्यवसायिक एवं गुणस्तरीय शिक्षाको लागि पहल गरिनेछ । आगामी बर्ष देखि प्रकाश मा.विलाई बिशेष अनुदान मार्फत प्राविधिक बिद्यालय निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

आगामी शैक्षिक सत्रको प्रारम्भ देखि बिद्यालय कर्मचारी, वाला शिक्षिकहरुलाई रु ७,००० (सात हजार) सुविधा थप गरिनेछ ।

शिक्षक बिद्यार्थीको क्षमता अभिबृद्धि गर्न श्रोत साधनको सन्दर्भमा सामाग्रीहरुको पहुँच बिस्तार र प्रोत्साहन गरिनेछ ।

बर्तमान जटिल परिस्थितमा बैकल्पिक शिक्षण सिकाई कार्यका लागि पाठ्यक्रम बिकाश केन्द्र, शिक्षा मन्त्रालय,बिभाग, प्रदेश सरकार शैक्षिक सँघ सँस्था आदीले तयार पारेका सिकाई र सन्दर्भ सामाग्रीहरुको प्रयोग शिक्षक बिद्यार्थीको पहुँच पुर्याउन आवश्यक सहयोग तथा समन्वयका लागि यथासक्य प्रयत्न गरिनेछ ।

१ बिद्यालयमा बाल उद्यान तथा मन्टेश्वरी कक्षा संचालनका लागि प्रोत्साहन गरिनेछ ।अक्षय कोष नभएका मा.विहरुमा बराहक्षेत्र न.पाको नाममा १ लाख ५० हजारको अक्षयकोषको स्थापना गरिनेछ ।

सबै मा.बिहरुमा पुस्ताकलय सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।१५ जना अति बिपन्न यूवा बिद्यार्थीहरुका लागि प्राविधिक शिक्षा अध्ययनका लागि सहयोग गरिनेछ ।

जनक मा.वि.का सुस्त श्रवण भएका बिद्यार्थीका अध्ययन का लागि आधारभुत तहको दरबन्दीको व्यवस्था मिलाइएको छु ।

आगामी बर्ष देखि ससकोशी बहुमुखी क्याम्पस र आदर्श क्याम्पसको आफ्नै भवनमा पठन पाठनको व्यवस्था मिलाईनेछ । साथै आगामी बर्ष देखि कालाबन्जरमा एउटा बहुमुखि क्याम्पस संचालनका लागि आवश्यक पहल गरिनेछ ।

सबै सामुदायिक बिद्यालयहरुमा स्थानीय भाषा,सँस्कार,सँस्कृति र रहन सहनमा आधारित पाठ्यक्रम निर्माण गरि ऐच्छिक रुपमा अध्ययन गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

## भौतिक तथा पूर्वाधार तर्फ

- भौतिक पूर्वाधारका रुपमा रहेका सडकहरु,आवश्यक भवनहरु, नहर,बाँध,कुलो तथा अन्य संरचनाहरुलाई सेवा,क्षेत्र, श्रोत,लागत र आवश्यकताको आधारमा बर्गीकरण गरि ठुला लागतका योजनाहरु सङ्घीय र प्रदेश सरकार मार्फत निर्माण तथा सुधार कार्यलाई अघि बढाउन प्रभावकारी पहल गरिनेछ । नगरको श्रोत र साधनले धान्न सक्ने योजनाहरु नगरले प्राथमिकताको आधारमा निर्माण तथा सुधारका लागि कार्य अगाडी बढाउने व्यहोरा अनुरोध गर्दछु ।

- सडकहरुलाई पर्यटन स्थल पहुँच मार्ग, बजार पहुँच मार्ग, वडा तथा नगर कार्यालय पहुँच मार्ग, प्रमुख राजमार्ग पहुँच मार्गहरुको रुपमा बर्गिकरण गरी प्राथमिकीकरण गरिनेछ ।

- अस्पताल र अन्य स्वास्थ्य सँस्थाहरु,बिद्यालय भवन, सामुदायिक भवनहरु जस्ता सार्वजनिक भौतिक संरचनाहरुको निर्माण गर्दा बर्तमान परिस्थितीबाट शिक्षा हासिल गर्दै बहुउपयोगी हुने गरि शौचालय, खानेपानी धारा वा ट्युवेलहरुको सुरक्षा अवस्था, क्षेत्रफल, घेराबेरा, आदिको पर्याप्तको लागि स्तरीय मापदण्ड कायम गरि निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

- भौतिक निर्माण तथा बिकाससँग स्थानीय रुपमा उपलब्ध निर्माण सामाग्री, जनशक्ती र सिपको उपयोगलाई प्राथमिकता निर्धारण गरि बिकाससँग रोजगारी र श्रोत परिचालनलाई जोडिनेछ ।

- स्थानीय स्तरमा गरिने भौतिक निर्माण तथा बिकासलाई जनसहभागितात्मक बनाउदै गुणस्तरीयता कायम गरिनेछ ।

- नगर क्षेत्र भित्र रहेका लिङ्क रोड, चतरा जागृती चौक देखि रेल्वे हुदै १३ आर.डि- तोरीबारी वडा नं ७ को सोमबारे जोड्ने सडकलाई निरन्तरता दिई सङ्घीय सरकारको योजनामा रहेको बाङ्गे-नडाहा-धरान सडक खण्डलाई यसै आ.व. देखि कालो पत्रे गर्ने कार्यको शुरुवात गरिनेछ ।

- चतरा बजार, बाङ्गे बजार, प्रकाशपुर बजार, नगरपालिका भवन आसपास, चक्रघट्टी बसपार्क क्षेत्र, मधुवन बजार क्षेत्र, कालाबञ्जर बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

- खानेपानी डिभिजन कार्यालयसँग समन्वय गरि वराहक्षेत्र वडा नं ९,१० र ११ को खानेपानी समस्यालाई सामाधान गर्नका लागि आवश्यक योजना निर्माण गरि सो योजना कार्यान्वयन गरिनेछ ।

- नगर भित्र रहेका सामाजिक र सामुदायिक सङ्घ सँस्थाहरुका अपुरा भवनको निर्माण सम्पन्न गरि बेवारिसे अवस्थामा रहेका भवनहरुलाई नगरले आफ्नो मातहतमा ल्याउन आवश्यक पहल गरिनेछ ।

- वराहक्षेत्र नगरपालिकामा कम्तिमा १ हजार जना अट्न सक्ने सभाहल निर्माण कार्यलाई गौरवको आयोजनका रुपमा अगाडी बढाईनेछ ।

- भौतिक पुर्वाधार निर्माणका क्षेत्रमा बिशेष गरि साझेदारी कार्यलाई अगाडी बढाईनेछ ।

- प्रत्येक वडाको ५०० मिटर सडक खण्डलाई कालोपत्रे गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

## मानव संसाधन तथा रोजगारी बिकास

- मानव संसाधनको बिकास, व्यवस्थापन र प्रक्षेपणको लागि सङ्घ र प्रदेश सरकारको समन्वयमा कार्य अगाडी बढाईनेछ ।

- रोजगारी प्रवर्द्धन गर्न आय आर्जनमा सरिक गराउने, उत्पादन र उत्पादकत्व बृद्धिमा सहयोग पुग्ने गरि प्रत्येक वडामा (वा नगर स्तरमा) कम्तिमा १ वटा अल्पकालिन तालिमको व्यवस्थापन गरिनेछ ।

- श्रम बजारमा रहेका श्रमिकहरुको सिप र क्षमताको उपयोग हुने गरि उनीहरुको व्यक्तिगत बिबरण रहेको श्रम सूचना बैङ्कको स्थापना गरिनेछ ।

- बैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि सिप र दक्षताका आधारमा रोजगारी व्यवस्थापन साथै साना उद्यमी र तथा व्यवसायबाट आत्मानिर्भर बन्न चाहनेहरुलाई बैङ्क तथा बित्तिय सँस्थाहरुसँगको समन्वयमा ऋण प्रवाह गर्ने व्यवस्था गर्न आवश्यक नीति तथा नियमको तयारी गरिनेछ ।

- एकल महिला तथा बिधुवा महिलाहरुले सञ्चालन गरिरहेका वा सञ्चालन शुरुवात गर्ने साना तथा मझौला उद्योग लाई आवश्यक प्रोत्साहन स्वरुप बजेटको व्यवस्था गरिनेछ ।

- स्वः उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानी कर्ता र बाह्य लगानी कर्ताको लगानि भित्रिने बाताबरण तयार गरिनेछ । साथै यस्ता उद्योगहरुको स्थापना तथा सञ्चालनका लागि प्रोत्साहन गर्न कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ ।

- जनतालाई रोजगारी सँग प्रत्यक्ष जोड्ने खालको रोजगारी मुलक कार्यक्रममा लगानी गरिनेछ । अति बिपन्न, लोपोन्मुख, अति सिमान्तकृत,बिपन्न जातजाती, समुदाय र गरिबहरुलाई सुरक्षित आवास कार्यक्रम लागु गरिनेछ । महिला हिंसा,मानव बेचबिखन ओसारपसारको जोखिम कम गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । लैङ्गिक बिभेद,छुवाछुत तथा सबै खाले कुरिति कु-संस्कारको अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ ।

-अभिभावक गुमाएका अन्य कारणले असाहय भएका वा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण गरिनेछ । बेसहारा,असाहाय ज्येष्ठ नागरिकको संरक्षण गरिनेछ । अपङ्गता (फरक क्षमता) भएका व्यक्तिहरुलाई शिक्षा,स्वास्थ्य,मनोरञ्जन,खेलकुद,रोजगारी र आय आर्जनका लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

-पूर्ण अपङ्गगता भएका मानिसहरुको घरपरिवारलाई नगरपालिकाबाट लिने सिफारिस दस्तुरमा छुट दिईनेछ ।

-महामारीका कारण किसान,असहाय,गरिब तथा बिपन्न बर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य,शिक्षा, सिप बिकास तालिम र रोजगारी एबम् आयआर्जन सम्बन्धी बिशेष कार्य सञ्चालन गरिनेछ ।

- "नगर प्रहरी हाम्रो प्रहरी" भन्ने नारालाई नगरबासी बीच स्थापित गर्न शान्ति सुरक्षा, सुव्यवस्था,बिकास निर्माण,बिपदमा राहत तथा उद्धार,सरसफाई,पर्यटन प्रबर्द्धन तथा सेवा प्रवाहलाई सहज बनाउन नगर प्रहरीको प्रभावकारी परिचालन गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नियमित बिकास निर्माणका कार्यक्रममा ज्याला साझेदारी गरि दिगो प्रकृतिका कार्यहरुलाई प्राथमिकता दिदै अझ उपलब्धिमुलक बनाइनेछ ।

## सुशासन

-जनसहभागिता, पारदर्शिता,जबाफदेहिता,जिम्मेबारी तथा उत्तरदायित्वबोध छिटो-छरितो प्रशासनीक सेवालाई प्रोत्साहन गरिनेछ ।

-जनतालाई अधिकार सम्पन्न र सबल बनाउदै सामाजिक परिक्षण,कार्यसम्पादन सम्झौता, अनुगमन,सार्वजनिक सुनुवाई,भ्रष्टचारमा शुन्य सहनिशलता,सूचना मैत्री बाताबरण,लगायतको प्रवर्द्धन गरि सुशासन कायम गरिनेछ ।

- सुशासन स्थापना र भ्रष्टचार नियन्त्रणका लागि सरकारी,गैर सरकारी,निजी र सबै क्षेत्रमा सदाचार प्रणालीको बिकास गरिनेछ ।

-स्थानिय तहमा सार्वजनिक सुनुवाई निर्देशिका २०६७ बमोजिम स्थानीय तहबाट सम्पादन गरिएका कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम लाई अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिदै यस कार्यक्रम मार्फत सबै वडाहरुले सम्पादन गरेको कामको सरोकारवालाहरुलाई (स्थानीय एफ.एम.,प्रिन्ट मिडिया र आम सञ्चार माध्यम समेत) सहभागी गराई सेवा प्रवाहमा प्रभावकारिता, पारदर्शिता,जवाफदेहितामा बृद्धि गर्दै लगिनेछ ।

- राष्ट्रिय,अन्तराष्ट्रिय, तथा स्थानीय गैससहरु मार्फत सञ्चालित बिकास गतिबिधीहरुलाई जनता सम्म पु-याउन स्थानीय एफ.एम. रेडियो,पत्र पत्रिका मार्फत सञ्चालित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- नगर क्षेत्रको सूचना सञ्चार र पत्रकारिताको लागि बिशेष बजेटको व्यवस्था गरिनेछ । साथै हरेक वडाले सूचना तथा सञ्चार अन्तर्गत आवश्यक बजेट बिनियोजन गर्दै स्थानीय मिडियालाई प्राथमिकतामा राख्ने नीति निर्माण गरिनेछ ।

- बिद्युतिय प्रविधीको प्रयोगमा वडा कार्यालहरुलाई समेत सक्षम बनाउने गरि प्रविधी र तालिमको व्यवस्था मिलाईनेछ । साथै सूचना प्रविधीका लागि आवश्यक सामाग्री, सफट्वेयर र उपकरण खरिदका लागि बजेटको व्यवस्था गरिनेछ ।

## बन,बाताबरण तथा उर्जा

- यस नगरक्षेत्र भित्र रहेका चारकोशे झाडी,कोशी टप्पु बन्यजन्तु आरक्ष,रामधुनी बनजस्ता अति महत्वपूर्ण वन क्षेत्रहरुको संरक्षण र बिकासको दायित्व नगरपालिको रहेको छ । यी राष्ट्रिय महत्वका बन क्षेत्रहरुको संरक्षण र बिकासको दायित्व नगरले लिनेछ । सङ्घिय सरकार र प्रदेश सरकारसँग को समन्वयमा बन व्यवस्थापन,बन पैदावरको उपयोग,बन्यजन्तुको सुरक्षा,जैविक विविधताको संरक्षण, बाताबरणिय सन्तुलन सहित पर्यटन प्रवर्द्धनका लागि स्थानीय स्तरमा जनसहभागितामा अझ प्रवर्द्धन र प्रोत्साहन गरिनेछ ।

-निजी, सामुदायिक र सार्वजनिक वनमा रुख कटान पश्चात सोहि स्थानमा कटान भएकै संख्यामा बृक्षारोपण गर्न लगाई "कटान पश्चात पुनः हरियो" कार्यक्रम संचालनमा ल्याई अनिवार्य बृक्षारोपण गर्ने नीति लागू गरिनेछ ।

- ढुङ्गा,गिट्टी,बालुवा संकलनका क्रममा बाताबरणमा प्रतिकुल प्रभाव पर्न नदिन प्रारम्भिक बाताबरणीय परिक्षण **IEE** सम्पन्न गरिएका नदिनालाहरुबाट मात्र नदीजन्य पदार्थ संकलन गर्ने तथा प्रतिबेदनमा सिफारिस भएका सुझावहरु पालना भए नभएको प्रभावकारी अनुगमन गरिनेछ ।

- घरायसी इन्धनको प्रमुख श्रोतका रुपमा दाउरा,गुइँठा, प्रयोग गर्ने घरधुरी संख्या प्रत्येक बर्ष कम्तीमा १० प्रतिशतले कम गर्दै बैकल्पिक उर्जा प्रयोग गर्नेको संख्या बढाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

- वराहक्षेत्र नगरपालिकाको बिभिन्न वडामा जङ्गली जनावरको प्रकोप बढ्ने क्रममा रहेको हुँदा प्रकोप न्युनिकरणका लागि आवश्यक पहल गरिनेछ ।

- वराहक्षेत्र नगरपालिका भित्र रहेको श्रीलङ्का टप्पुमा रहेको अव्यव्यस्थित जग्गाहरुलाई व्यवस्थित गरि संरक्षण गर्नका लागि आवश्यक पहल गरिनेछ ।

## कला,सँस्कृति,साहित्य र पर्यटन

- यस नगर भित्र रहेका धार्मिक पर्यटन, पर्यापर्यटन,जल यात्रा, खेल पर्यटन,कृषि पर्यटनको प्रचुर सम्भावना रहेको छ । साथै हाम्रो बहु साँस्कृतिक रितिरिवाज,भेषभुषा, भाषा, लिपी लगायतका क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माण र प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

- साहित्य, भाषा, कला, सँस्कृति सँरक्षण एवं प्रबर्द्धन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

- नगर क्षेत्र भित्रका मठमन्दिर,गुम्बा,मदरसा, चर्च तथा थानहरुको संरक्षण,सम्बर्द्धन र बिकासमा आवश्यक कार्ययोजना निर्माण गरिनेछ ।

- पर्यटकीय सम्भावना भएका स्थानहरुको पहिचान र न्युनतम पूर्वाधार निर्माण तथा क्षमता बिकासका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

- नगरक्षेत्रको पर्यटन प्रवर्द्धन, नयाँ पर्यटकीय सम्पदाको चिनारी र सम्भावनाको उजागर गर्ने उद्देश्यले डकुमेन्ट्री निर्माण,होर्डिङ्ग बोर्ड अभियान, पर्यटन मेला,साहासिक पर्यटन प्रतियोगिता र प्रचार प्रसारका कार्यहरुलाई अगाडी बढाइनेछ ।

- पर्यटन स्थलसम्म पुग्ने पहुँच मार्गहरुको निर्माणमा जन सहभागिता गराई प्राथमिकता र श्रोतको उपलब्धताको आधारमा अगाडी बढाइनेछ ।

- पर्यटन पूर्वाधारका ठूला योजनाहरु संघ तथा प्रदेश सरकार र नगरको समन्वयमा सञ्चालन गरिनेछ ।

- पर्यटन विकाशलाई टेवा पुर्याउने उद्देश्य अनुरुप सूर्य कुण्डमा साना सहरी कार्यलाई जोड दिईने छ ।

- स्थानीय जन समुदायलाई पर्यटनमा आवद्ध गराइ रोजगारी सिर्जना गर्न सिप तथा चेतना अभिबृद्धिलाई प्रोत्साहन गरिनेछ ।

- पर्यटन स्थलहरुको विवध महत्व तथा पहुँचको बारेमा ब्यापक प्रचार प्रसारको निति लिईनेछ ।

- पर्यटन क्षेत्रको अवधारणागत विकासका लागि छिमेकी स्थानीय सरकारहरुसँग समेत समन्वय गरी विस्तृत योजना तयार गरिनेछ ।

- माझी राष्ट्रिय सङ्ग्राहलय,टेकाने पोखरी, गहने खोला,अमाह सिमसार, चिसापानी,साकेला थान, सालवनीको गिद्धे रेष्टुरेण्ट,देवीघाटको क्याम्पा चौरीलाई जनजाती सङ्ग्राहालय लगायत धार्मिक मठ मन्दिर एवम् पुरातात्विक स्थानमा व्यवस्थापन समिति निर्माण गर्न आवश्यक अध्ययन टोली निर्माण गरिनेछ ।

- कोशी टप्पु बन्यजन्तु आरक्षदेखि कोशी नदी हुदै चतराधाम,औलिया बाबा, बराहक्षेत्र मन्दिर, सूर्यकुण्ड,रामधुनी मन्दिर लगायतका क्षेत्रलाई पर्यटन हबका रुपमा बिकास गर्न प्रदेश तथा सङ्घ सँग समन्वय गरिनेछ ।

- वराहक्षेत्र नगर भित्रका ऐतिहासिक,पुरातात्विक महत्वका क्षेत्र,दरबार, गढी,किल्ला, गुफा, तिर्थ उपतिर्थहरुको उत्खनन, संरक्षण, सम्बर्द्धनका लागि नगरस्तरीय संरक्षण समिति गठन गरी जिर्णोद्धार, प्रचार प्रसार र प्रवर्द्धनका लागि आवश्यक बजेट बिनियाजन गरिनेछ ।

## सामाजिक विकास तर्फ

- सबै प्रकारका लैङ्गिक तथा सामाजिक विभेदहरुको अन्त्य गरि सहभागितामूलक,समानतामा आधारित सामाजिक न्याय प्रवर्द्धन गर्ने कार्यहरुका लागि आवश्यक व्यवस्था गरिनेछ ।

- महिला सहभागिताको प्रवर्द्धन, महिला सहकारी मार्फत उत्पादन कार्य र सामाजिक विकासमा सहभागिता,अति विपन्न एकल महिलाहरुका लागि विशेष कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

- आदिवासी, जनजाती,दलित, मधेषी, मुस्लिम,पिछडा वर्गको बास्तविक बहु आयमिक तथ्याङ्क वडागत रुपमा तयार गरिनेछ । भाषा,सँस्कृति आदिको संरक्षण र प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

-आर्थिक विपन्नताको आधारमा निश्चित संख्यामा सिपमुलक तथा रोजगार मुलक कार्यक्रमको आयोजना गरी रोजगारी र उत्पादन कार्यमा सरिक हुन प्रोत्साहन गरिनेछ ।

- घरेलु तथा लैङ्गिक हिंसा, बेचबिखन, ओसारपसार जस्ता अपराधिक जोखिम कम गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- बालबालिका लक्षित कार्यक्रम अन्तर्गत बालबालिकाहरुको अधिकार सुनिश्चित गर्दै बालबालिको संरक्षण,शिक्षा,नेतृत्व विकास,बाल हिंसा न्युनिकरण र सहभागिता जस्ता नैसर्गिक अधिकार प्रत्याभुति गरि कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ ।

- समावेशिता,सशक्तिकरण,सहकार्यको माध्यमबाट सह अस्तित्व सहितको समानताका लागि अभियान सञ्चालन गरिनेछ ।

- बाल मैत्री स्थानीय शासन अवधारणालाई नगरका सम्पूर्ण वडामा लागू गरि निर्माण हुने पूर्वाधार बालमैत्री,अपाङ्गमैत्री बनाइनेछ ।

- नगर क्षेत्रलाई बालबिबाह,अनमेल बिबाह मुक्त क्षेत्र बनाउन सचेतना अभियान संचालन गरिनेछ ।

- महिलाहरुमा हुने आङ्ग खस्ने,पाठेघर तथा फिस्टुला रोगको न्यूनिकरणका लागि स्वास्थ्य शिविर संचालन गरिनेछ ।

- आदिबासी जनजाती,दलित,मधेसी,मुस्लिम,पिछडा बर्ग,जेष्ठ नागरीक,अपाङ्गताको उत्थानका लागि सिप,दक्षतामा आधारित आयमुलक,सिपमुलक कार्यक्रमहरु संचालन गरी स्वरोजगार बनाउने निति अबलम्बन गरिनेछ ।

- अपङ्गता भएका व्यक्तिहरुका लागि परिचय पत्र वितरण अद्यावधिक,जिविकोपार्जनका लागि आयमुलक कार्यक्रम तथा सहायक सामग्रीहरु बितरणलाई प्राथमिकतामा राखिनेछ ।

- बालबालिकाहरुको क्षमता बिकाश गर्न "मेयर सँग बालबालिका" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- नगर क्षेत्र भित्र रहनु भएका अति बिपन्न परिवारहरुका लागि निःशुल्क बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## यूवा तथा खेलकुद तर्फ

- नगर तथा वडा स्तरमा यूवा सञ्जालको निर्माण,खेलकुद,गायन,नृत्य,लेखन, लगायतका सिर्जनात्मक कार्यमा सरिक हुन प्रोत्साहन गरिनेछ ।

- यूवा स्वयमसेवी समुहको (स्काउट, रेडक्रस लगायत) निर्माण गरि विपद्हरुमा परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

- लागू औषध दुर्व्यँसन र सामाजिक अपराध मुक्त समाजको निर्माणका लागि यूवा समुहलाई परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

- यूवाहरु (बिदेशबाट फर्केकाहरुलाई) प्राथमिकतामा राखेर रोजगारमुलक प्रविधिको तालिम, प्रशिक्षण प्रदान गरी प्राविधिक उपकरण खरिदमा ऋण,अनुदान प्रोत्साहन गरिनेछ ।

- खेलकुदको प्रवर्द्धनका लागि खेलक्षेत्र सँग सम्बन्धित बिभिन्न निकायसँगको समन्वय तथा साझेदारीमा समय समयमा खेलकुद प्रतियोगिता कार्यक्रमहरु संचालन गरिने तथा सहभागिता जनाइनेछ ।

- "एक वडा एक खेल" कार्यक्रम संचालन गरि यसलाई प्रोत्साहित गर्न खेलकुद पूर्वाधार विकासका कार्यहरु क्रमशः लागू गर्दै लगिनेछ ।

- नगर क्षेत्र भित्र सार्वजनिक पार्कको विकास र खेलकुद मैदान निर्माण/स्तरोन्नती कार्यलाई अगाडी बढाइनेछ ।

- खेलकुदको समग्र विकासको लागि बिद्यालय तहबाटै प्रतिभा पहिचान गरि स्तरीय खेलाडी उत्पादनका लागि क्षमता विकास गराउदै लगिनेछ ।

- वराहक्षेत्र नगर भित्र कुनै पनि खेल संघ संस्थाले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद आयोजना गर्न चाहेमा साझेदारीमा खेल सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## राजश्व तथा कर प्रशासन

- नगरपालिकाको आन्तरिक श्रोतको दिगो व्यवस्थापनको लागि कर परिचालन ढाँचा तयार गरि करको दायरा र क्षेत्र अभिबृद्धि गरिनेछ ।

- नगरपालिकाको आन्तरिक श्रोतलाइ बलियो बनाउन बिभिन्न वडाहरुमा व्यापारिक सटरहरुको निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

- सप्तकोशी नदीमा रहेका खेर गएको बालुवा लाइ संघ र प्रदेश सँग समन्वय गरि उत्खनन गर्दै बिक्री बितरणका लागि आवश्यक सर्भे तथा सर्भेक्षण गरिनेछ ।

- नगर क्षेत्र भित्र सञ्चालित खानी तथा क्रसर उद्योगहरु सञ्चालनको छुट्टै मापदणड बनाई नगरपालिकाको दिगो आम्दानीको श्रोतको रुपमा बिकास गरिनेछ ।

- सँविधान तथा कानुन प्रदत्त क्षेत्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई बित्तिय सवालिकरण र आर्थिक स्थायीत्व कायम गरिनेछ ।

- नगर क्षेत्र भित्रका गैर सरकारी सँस्थाहरुको नवीकरणको सिफारिस,शुल्क,सँस्थाको बार्षिक वित्तिय कारोबारको आधारमा मापदण्ड बनाइ लागु गरिनेछ ।

## शहरी विकास

- नगर टोलबासीहरुले नगरपालिकाको भित्री सडक निर्माण गर्न चाहेको खण्डमा मापदण्ड बमोजिमका सडक निर्माणका लागि नगरपालिका र टोलबासीहरुको उपभोक्ता समितिको ५०-५० प्रतिशत लागत सहभागितामा निर्माण कार्य अगाडी बढाइनेछ ।

- नगर भित्रका बिभिन्न स्थानहरुमा ईको पार्क, पिकनिक स्थल र मनोरञ्जन पार्क निर्माण कार्य थालनी गरिनेछ ।

- बैज्ञानिक घर ठेगाना प्रणाली (Metric Addressing System with Street Naming) को अवलम्बन गरि नगरपालिका भित्रका प्रमुख सडक तथा गल्लीहरुको नामाकरण र घर संख्या (House Numbering) निर्धारण गरिनेछ ।

<u>**विविध**</u>

- गैर सरकारी सँस्थाहरुले कार्यक्रमहरु संचालन गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिने प्रावधानलाई अनिवार्य गरिनेछ ।
- नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमलाई टेवा पुग्ने कार्यक्रमहरु संचालन गर्ने गैर सरकारी सँस्थाहरु सँग सहकार्य गरिनेछ ।
- नगरपालिकाको समग्र समृद्धि हासिल गर्नका लागि **"विकासका लागि हातेमालो अभियान"** सञ्चालन गर्न शिक्षा, स्वास्थ्य,पर्यटन र फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहमा गैर सरकारी सँस्थाहरु सँग लागत सहभागितामा आधारित कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- गैर सरकारी संस्थाबाट भएका कामको अनुगमन प्रबन्ध तथा प्रगति समिक्षालाई निरन्तरता दिइनेछ ।

**नगर सभा सदस्यज्यूहरु**

अन्त्यमा समग्र नगरको विकासमा यो ४ बर्ष योगदान गर्नु हुने सम्पूर्ण राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी, उद्योगी-व्यापारी, निर्माण व्यवसायी, बुद्धिजिबी, शिक्षक, नागरिक समाज, श्रमिक बर्ग, आम सञ्चारकर्मी, नगरबासी आमा-बुवा, दाजु भाई, दिदी बहिनी तथा बिभिन्न पेशा व्यवसायमा आवद्ध हुनुहुने सम्पूर्णलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । नगर सभाबाट सम्मानित सम्पूर्ण व्यक्तित्वहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु । साथै कोभिड रोग रोकथाम र नियन्त्रणका लागि आर्थिक,भौतिक सबै प्रकारको सहयोग गर्नु हुने महानुभावहरुलाई नगरपालिकाको तर्फबाट बिशेष सम्मान र धन्यबाद ज्ञापन गर्दछु ।

**निलम खनाल**

**नगर प्रमुख**